# "समुदायमा सरकारी वकील कार्यक्रम"
# कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम

<u>प्रतिवेदन</u>

कार्यक्रम आयोजना मितिः २०८० असोज २३ गते

कार्यक्रम स्थानः ठाकुरबाबा नगरपालिका, बर्दिया ।

आयोजक

उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज ।

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

<u>प्रतिवेदक</u>

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

<u>विषयसूची</u>


| | | पृ. |
|---|---|---|
| १. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| २. | कार्यक्रमको उद्देश्य | १ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता | १ |
| ४. | छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू | १ |
| ५. | छलफलमा उठेका विषयहरूको सम्बोधन | ३ |
| ६. | कार्यक्रमका वक्ताहरुको मन्तब्य | ६ |
| ७. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ९ |
| ८. | कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू | ९ |
| ९. | आगामी कार्यक्रमका लागि सुझाव | ९ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | १० |
| | ख) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू | १२ |
| | ग) कार्यक्रमका सहभागीहरूको नामावली | २८ |
| | घ) कार्यक्रमको तस्विर | ३२ |

# कार्यक्रमको संक्षिप्त प्रतिवेदन

## १. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम
कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।

२) कार्यक्रम सञ्चालन स्थानः ठाकुरबाबा नगरपालिकाको सभाहल, बर्दिया ।

३) कार्यक्रम व्यवस्थापन र समन्वयः ठाकुरबाबा नगरपालिका ।

४) कार्यक्रम आयोजना मितिः २०८०।६।२३

५) कार्यक्रम अवधिः विहान १२:३० बजेदेखि दिउँसो ४:३० बजेसम्म

६) सहभागी संख्याः ५९, पुरुषः ४४, महिलाः १५

७) कार्यक्रम संयोजन

क) संयोजकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय (जिसवका), बर्दिया

ख) प्रतिवेदकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका बर्दिया

ग) सहयोगीः सहायक न्यायाधिवक्ता श्री प्रेम भण्डारी, उच्च सरकारी वकील कार्यालय (उसवका) नेपालगञ्ज, नायव सुब्बा श्री पूर्णबहादुर कटुवाल, उसवका नेपालगञ्ज र कार्यालय सहयोगी सुजित श्रेष्ठ, जिसवका बर्दिया ।

## २. कार्यक्रमको उद्देश्य

१) समुदायलाई सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउने ।

२) सरकारवादी मुद्दाको काम कारबाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने ।

३) सरकारी वकीलको काम कारबाही र सरकारवादी मुद्दाको सम्बन्धमा समुदायले उठाएका जिज्ञाशाहरूको सम्बोधन गर्ने ।

## ३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

२) दोस्रो कार्यपत्रः बालअधिकार संरक्षण र कानूनी व्यवस्था, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता

## ४. छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू

कार्यक्रममा जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालले कार्यपत्र प्रस्तुत गरेपछि सहभागीहरुबाट जिज्ञाशा राख्ने कार्य गरिएको थियो । सहभागीहरुले कार्यक्रममा व्यक्त विचारहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

**श्री  माधुराम थारु**

**अध्यक्ष, ठाकुरबाबा वडघर सञ्जाल ।**

- थारु समुदायमा गाउँको अगुवाको रुपमा वडघर प्रथा रहेको छ । वडघर कहाँ गाउँमा कुनै पनि घटना भएपछि र गाउँमा भएका समस्याको मिलापत्र गराइदिनु पर्यो भनेर गाउँका मानिसहरु आउँछन् । कार्यक्रममा सरकारवादी फौजदारी मुद्दाहरु जबरजस्ती करणी, बालयौन दुर्व्यवहार र बालविवाह लगायतको मुद्दाहरुको मिलापत्र गाउँमा गर्न हुँदैन भन्ने जानकारी प्राप्त भयो ।
- ठाकुरबाबा नगरपालिका क्षेत्रमा ५८ जना वडघरहरु रहेका छन् । वडघरहरुका लागि कानूनी सचेतना कार्यक्रम आवश्यक रहेको देखियो ।

**श्री सावित्रा थापा**

**कार्यपालिका सदस्य, ठाकुरबाबा नगरपालिका ।**

- बालबालिकाहरु सम्बन्ध राखेर उठबस गर्छन् । कसैले उचालेर केटी पक्षले मुद्दा दिंदा केटा पक्ष थुनामा जानुपर्ने अवस्था पनि देखिएको छ । केटीको अर्को ठाउँ पछि विवाह गरिदिने गरिएको देखिएको छ । यसलाई कानूनी दायरामा ल्याउन के गर्नुपर्छ ।

**श्री गणेशप्रसाद आचार्य**

**शिवपुर वन्द्रहवा सामुदायिक वन उपभोक्ता समूह**

**ठाकुरबाबा नगरपालिका, वडा नं ९ ।**

- कतिपय घटनाहरुमा ज्यान मार्ने उद्योग लगायत कुटपिट गर्ने मान्छे पीडित माथि आक्रमण गरेर भाग्छ । उद्धार गर्ने र केहि नगरेका घटनास्थलमा भएका निर्दोष मानिसहरु समेत दोषी ठहर भएको अवस्था छ ।

**श्री तारा अधिकारी**

**महिला स्वास्थ्य स्वयंसेविका, ठाकुरबाबा नगरपालिका, वडा नं १ ।**

- गाउँघरमा उमेर नपुगेकाले बालविवाह गर्ने प्रचलन देखिएको छ । बालिका र महिला हिंसामा पर्दा मुद्दामा गोपनियता रहन्छ की रहँदैन । बालबालिकाले स्वयं मुद्दा हाल्न सक्छन् की सक्दैनन ।

**श्री विनाकुमारी भट्टराई**

**उपप्रमुख, ठाकुरबाबा नगरपालिका ।**

- सरकारवादी फौजदारी मुद्दामा घटनाको बारेमा जानकारी दिन प्रहरीमा जाहेरी दरखास्त दिनुपर्ने हुन्छ । जाहेरी दरखास्त तालिम प्राप्त मानिसले लेख्नुपर्ने हो की जसले लेखे पनि हुन्छ ।

- ठाकुरबाबा नगरपालिका क्षेत्रमा करिव २९ प्रतिशत बालविवाह रहेको अनुमान छ । बालविवाह रोकथाम चुनौतीपूर्ण देखिएको छ ।
- नगरपालिकाको न्यायिक समितिमा विभिन्न प्रकारका मानिसहरु उजुरी लिएर आउँछन् । श्रमिकलाई ज्याला मजदुरी नदिएको गुनासाहरु बढि आउने गरेका छन् । पीडित पक्षसँग श्रम गरेको प्रमाणित गर्ने कानूनी कागजातहरु सम्झौता र हाजिर केहि नहुने भएकाले श्रमिकलाई संरक्षण गरी निजले पाउनुपर्ने पारिश्रमिक उपलब्ध गराउने कार्यमा कानूनी रुपमा सहयोग गर्न निकै जटिल छ ।
- लागू औषध दुर्व्यसनी निकै ठूलो समस्याको रुपमा देखिन थालेको छ ।

**श्री निशा वि.क.**
**विद्यार्थी, कक्षा १२, किसान माध्यमिक विद्यालय, वडा नं ५, ठाकुरबाबा नगरपालिका ।**
**सचिव, नगर बाल सञ्जाल ।**

- विहे गर्ने उमेर नपुगेका बालबालिकाहरुले माया प्रेम गरेर सम्बन्ध राख्ने गरिएको छ । यस्तोमा मुद्दा पर्यो भने के हुन्छ ।

**श्री गोगनसरा आचार्य**
**सहायक महिला विकास निरीक्षक, ठाकुरबाबा नगरपालिका ।**

- बालविवाह गरेर जन्मेको बच्चाको जन्मदर्ता हुन्छ की हुँदैन ।

## ५. छलफलमा उठेका विषयहरूको सम्बोधन

उक्त कार्यक्रममा सहभागीहरुले छलफलमा उठाएका विषयहरूको जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल र सहन्यायाधिवक्ता श्री कृष्णराज पन्तले सम्बोधन गर्नुभएको थियो । छलफलमा उठेका विषयहरूको सम्बोधनलाई वुँदागत रूपमा उल्लेख गरिएको छ ।

**नगेन्द्र लम्साल**
**जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया**

- बर्दियामा देखिएका लागूऔषध, बालविवाह, यौनजन्य अपराध, सडक दुर्घटना, आत्महत्या लगायतका अपराधहरुको न्यूनिकरणका लागि स्थानीय तह, प्रहरी, सरकारी वकील र समुदायसँग सम्बन्धित संघ संस्था र अन्य सरोकारवाला सरकारी निकायको सहयोग र समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु समुदायस्तर, विद्यालय र क्याम्पसहरुमा गर्न जरुरी देखिएको छ ।
- सरकारवादी फौजदारी मुद्दाको मिलापत्र गराउने र प्रमाण दबाउने कार्यमा समाजमा कुनै पनि वर्गका व्यक्तिहरु सक्रिय हुनु हुँदैन । सरकारवादी फौजदारी मुद्दाको मिलापत्र गराउने र प्रमाण दबाउने कार्यमा क्रियाशील व्यक्ति उपर समेत कानूनी कारवाही हुने व्यवस्था रहेको छ ।

- वालविवाह र लागू औषध जस्ता कसूरको रोकथामका लागि समुदाय स्तरमा ब्यापक रुपमा परिवारको सदस्यहरुसम्म त्यसले पार्ने असर र कानूनी सजायको बारेमा जानकारी गराएमा रोकथाम कम गर्न मद्दत पुग्छ । यसका लागि सबै निकायबीच समन्वय र सहकार्य जरुरी देखिन्छ । लागू औषध दुर्ब्यसनीमा फसेको ब्यक्ति विस्तारै लागू औषध सेवनका लागि कारोबारतर्फ क्रियाशील हुने तथा लागू औषध खरिदका लागि चोरी र डाँका जस्ता क्रियाकलापमा समेत क्रियाशील हुने भएकाले आफ्नो घर परिवारको सदस्य, साथी र छिमेकी कसैलाई पनि यस्तो कुलतमा फस्न नदिन र फसेकालाई लागू औषध दुर्ब्यसनबाट छुटाउने कार्यमा समाजमा सबै वर्ग क्रियाशील हुन जरुरी छ ।
- यौन हिंसा अपराधको रोकथामका लागि सचेतनासँगै, प्रतिवादीलाई कानूनी कारबाही तथा पीडितको पुर्नस्थापना र न्यायमा पहुँच पुर्याउन सबै क्षेत्रका सरोकारवाला निकाय र समुदाय क्रियाशील भई प्रहरीलाई अनुसन्धानमा सहयोग गर्नुपर्छ ।
- यौनजन्य हिंसाका र घाउचोट लागेका पीडितलाई तत्काल उद्धार गरी छिटो भन्दा छिटो अस्पतालमा लिएर तोकिएको ढाँचाको फारममा यौनजन्य हिंसा र घाउचोट विवरण उल्लेख गर्न लगाई चेक जाँच गराउँदा वारदातलाई पुष्टि गर्न मद्दत पुग्छ ।
- उमेर नपुगेको १८ वर्ष मुनिको बालिकासँग सहमतीमा करणी गरे पनि जबरजस्ती करणी हुने कानूनी ब्यवस्था भएकाले कसैले पनि यस्तो जघन्य कसूर गर्न हुँदैन भनी कसूर गर्दा हुने सजायका बारेमा समुदाय स्तरमा कानूनी सचेतना गराउँदा रोकथाममा मद्दत पुग्छ ।
- २० वर्ष उमेर नपुगी विवाह गर्नु कसूर भएको बारे सचेतनासँगै बालविवाहले बालबालिकाको शारिरिक र बौद्धिक क्षमतामा पार्ने असरका बारेमा परिवारका सदस्य र बालबालिकालाई यस विषयमा सचेत गराउन जरुरी छ । बालविवाह गर्ने र बालविवाह गराउने परिवारका सदस्यहरुलाई हुने कानूनी सजायको बारेमा जानकारी गराएमा पनि बालविवाहको रोकथाममा सहयोग पुग्छ ।
- बालविवाहबाट जन्मेको बच्चाको जन्मदर्ताको अधिकार हुन्छ । बालविवाह अवैध भएपनि बालबालिकाको जन्म दर्ता नगरपालिका र गाउँपालिकाका वडाले गरिदिनुपर्छ ।
- जाहेरी दरखास्त लेख्नको लागि कुनै तालिम लिएको हुनुपर्दैन । पीडितले आफै जाहेरी दरखास्त लेखेर पनि नजिकको प्रहरी कार्यालयमा दिन सक्छन् । पीडितले जाहेरी दरखास्त लेख्न नसक्ने भए कुनै लेखपढ गर्न जाने ब्यक्तिलाई घटनाको यथार्थ विवरण टिपाएर पनि सोही ब्यहोरालाई पनि जाहेरी दरखास्तको रुपमा दर्ता गर्न सकिन्छ । जाहेरी दरखास्त अपराधको सूचना मात्र भएकाले तोकिएको फर्मेट मै हुन जरुरी छैन ।

- बालबालिका पीडित र यौन हिंसामा परेका महिला र बालबालिकाहरुलाई जाहेरी दरखास्त लेखन र तत्काल उद्धार गरी पुर्नस्थापना गर्नमा बर्दिया जिल्लामा माइती नेपाल लगायत गैर सरकारी संस्थाहरुले समेत सहयोग गर्दै आएका छन् ।
- पीडित बालबालिका, यौन हिंसा र मानव बेचविखन लगायतका पीडित र निजको परिवारका सदस्यहरुको विवरण गोप्य राखेर सांकेतिक नाम दिने गरिन्छ । बालबालिका पीडित भएको मुद्दामा निजको तर्फबाट जाहेरी दरखास्त दिने नजिकको परिवारको मानिस कोही नभएमा बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाका प्रतिनिधि मार्फत र प्रहरी प्रतिवेदनबाट समेत मुद्दाको कारबाही अगाडि बढाउन सकिन्छ । यसैगरी कानूनको विवादमा परेका बालबालिका र निजको परिवारको सदस्यहरुको विवरणसमेत सांकेतिक नाम दिएर गोप्य राखिन्छ ।
- यस बर्दिया जिल्लामा जिल्ला कानूनी सहायता समिति समेत रहेको छ । असमर्थ पक्ष र विपन्न व्यक्तिलाई कानूनी सहायता र प्रहरी, अदालत, अर्धन्यायिक निकाय, न्यायिक समिति र जिल्ला प्रशासन कार्यालयमा दिनुपर्ने निवेदनहरु तयार गर्नमा निशुल्क कानूनी सहायता प्रदान गर्छ । सम्बन्धित नगरपालिका वा गाउँपालिकाको वडा कार्यालयबाट सिफारिस पत्रसहित विपन्न र असमर्थ पक्षले सहायता मागेमा जिल्ला कानूनी सहायता समितिले रेकर्ड जनाई कानूनी सहायता उपलब्ध गराउँछ । अदालतमा मुद्दा दायर भएपछि कानून व्यवसायी राख्न नसक्ने सरकारवादी फौजदारी मुद्दाका प्रतिवादीलाई अदालतले समेत निशुल्क कानूनी सहायता प्रदान गर्न वैतनिक वकिलको ब्यवस्था गरेको छ ।
- सरकारवादी मुद्दाका पीडितलाई तत्काल कानूनी परामर्शको आवश्यकता भएको जानकारी प्राप्त भएमा सरकारी वकीलबाटसमेत कानूनी परामर्श उपलब्ध गराउन सकिन्छ ।
- कुनै पनि वारदातको घटनाको बारेमा जानकार र प्रत्यक्षदर्शी व्यक्तिले घटनाको बारेमा यथार्थ विवरण नबताउँदा वारदातमा निजको संलग्नता सम्बन्धमा समेत शंका उत्पन्न हुन सक्छ । त्यसैले प्रत्यक्षदर्शी र घटनाको बारेमा जानकार व्यक्तिले घटनाको बारेमा यथार्थ विवरण खुलाइदिनु पर्छ ।
- कानून बमोजिम सम्झौता नगरी लामो समय सम्म श्रम गर्ने व्यक्तिलाई पारिश्रमिक नदिने घटनाका सम्बन्धमा कानूनी उपचार प्राप्त गर्नका लागि श्रमिकलाई सम्झौता गरेर मात्र काम गर्नेतर्फ कानूनी रुपमा सचेत गराउनुपर्छ । यसका लागि नगरपालिकाले नगर क्षेत्रमा भइरहेका विभिन्न विकास निर्माण कार्यहरुमा संलग्न निकायहरुसँग सम्बन्धित सरकारी निकायसँग समन्वय गरी यस विषयमा जानकारी गराउने र सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम राखि यस्ता गुनासोहरुको सम्बोधन गर्न र सम्बन्धित निकायबाट अनुगमन गर्नमा समन्वय र सहजिकरण गर्दा समेत न्यूनीकरण गर्नमा मद्दत पुग्छ ।

**कृष्णराज पन्त**

**सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज ।**

- बालबालिकाको अधिकारको संरक्षण गर्नु हामी सबैको दायित्व हुन्छ । बाल अधिकार संरक्षण र बालबालिकाको सर्वोत्तम हितका लागि हामी सबै क्रियाशील हुन जरुरी छ ।
- फौजदारी कसूरमा मिलापत्र गराउने कार्यमा कोहि पनि संलग्न हुनु हुँदैन । कतै कतै जनप्रतिनिधिको रोहवरमा समेत फौजदारी कसूरमा मिलापत्र गराउने कार्य गरिएको पाइएकाले यस्तो गैरकानूनी कार्य जनप्रतिनिधिले गर्न हुँदैन ।
- जाहेरी दरखास्तमा लेखिएको ब्यहोरालाई श्रृखंलावद्ध रुपमा अरु प्रमाणहरुले पुष्टि गर्नुपर्छ ।
- आफ्नो नगरपालिका क्षेत्रको ज्याला मजदुरीको सरलीकरण गर्न अरु कानूनसँग नबाझिने गरी कार्यविधि बनाउन सकिन्छ ।

## ६. कार्यक्रमका वक्ताहरुको मन्तब्य

**श्री नवराज शाही**

**प्रहरी निरीक्षक, ईलाका प्रहरी कार्यालय, बगनाहा ।**

- सरकारवादी फौजदारी मुद्दाको प्रहरीले निकै संवेदनशील भएर अनुसन्धान गर्छ । प्रहरीले स्वतन्त्रपूर्वक अनुसन्धान गर्ने कार्यमा समुदायको सहयोगको अपेक्षा गर्छ । सरकारी वकीलको निर्देशनमा प्रहरीले स्वतन्त्रपूर्वक कसूरको वारदातको अनुसन्धान गर्ने कार्य गर्छ ।
- प्रहरीले अपराधको न्यूनीकरण र रोकथामको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने भएकाले स्थानीय तह र समुदायको सहयोगको अपेक्षा राखेको हुन्छ ।

**श्री कमलप्रसाद पाण्डे**

**अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएशन ।**

- सरकारी वकील समुदायमा गएर सरकारी वकीलको काम कारबाही र सरकारवादी फौजदारी मुद्दाको बारेमा जानकारी दिने कार्यक्रम निकै सकारात्मक र उपलब्धीमूलक रहेको छ ।
- समुदायका मानिसहरुले प्रत्यक्ष रुपमा कानूनका बारेमा आफूले जान्न चाहेको जिज्ञाशा राख्न पाउने फोरम यस्ता कार्यक्रमहरुले उपलब्ध गराउँछ ।
- कानूनले गर्न नहुने कार्य गरेमा दण्डको भागीदार हुनुपर्छ ।
- कानूनको मकसद नै अपराधीले उन्मुक्ति पाउनु हुँदैन र पीडितले न्याय पाउनुपर्छ भन्ने नै हो ।

- कानून व्यवसायीको रुपमा सरकारवादी फौजदारी मुद्दामा पीडित पक्ष र प्रतिवादी पक्ष जो कोही कुनै कानून व्यवसायीमा सबैभन्दा पहिला जो सेवा लिनका लागि आउँछ । उसको तर्फबाट ब्यवसायिक धर्मभित्र रहि कानूनको परिधि भित्र रहेर पीडितको पक्षबाट सरकारी वकीलको मागदावीलाई समर्थन गर्ने गरी सहयोग गर्नु र प्रतिवादीकोतर्फबाट कानूनको परिधि भित्र रहि उसको पक्षबाट कानून व्यवसायीले कानूनी रुपमा सहयोग गर्ने कार्य गर्छ ।
- अनुसन्धानमा निष्पक्षता र जुन कसूर गरेको हो । त्यहि अनुसारको अभियोग मागदावी आउँदा अनुसन्धान र अभियोजन प्रभावकारी हुन्छ ।
- पीडितले न्याय पाउनुपर्छ । पीडितले क्षतिपूर्ति पाउने कानूनी व्यवस्था रहेको छ । प्रतिवादी पनि निर्दोष ठहरिएमा क्षतिपूर्ति दिने कानून बनाउनेतर्फ राज्य पनि संवेदनशील हुन जरुरी छ ।
- जिल्ला कानूनी सहायता समितिले अवस्था अनुसार पीडित र पीडक दुवैलाई कानूनी सहायता उपलब्ध गराउँछ । बारमा आवद्ध कानूनी ब्यवसायीले पनि स्वेच्छिक निशुल्क कानूनी सेवा (प्रो बोनो) उपलब्ध गराउँदै आएका छन् ।
- विधिको शासन, न्याय निरुपणको उचित कानूनी प्रकृयाको पालना र पीडितको न्यायको पक्षमा बर्दिया जिल्ला अदालत बार एशोसिएशन सधैं साथमा छ ।

**श्री विनाकुमारी भट्टराई**
**उप प्रमुख, ठाकुरबाबा नगरपालिका**

- कानूनको अज्ञानता क्षम्य हुँदैन । कानून सबैले जानेकै हुनुपर्छ ।
- न्यायिक समिति संयोजक भएर न्यायिक समितिमा पर्ने निवेदनहरु माथि छलफल गर्दा निवेदन परेकै भोलिपल्ट तत्काल छलफल गराइदिनु पर्ने माग निवेदकको हुन्छ ।
- अदालतको बोझ घटाउन समेत न्यायिक समितिहरुले भूमिका खेलेको अवस्था छ । आ.व. ०७९।८० मा ११५ वटा निवेदनमा मेलमिलाप गराइएको छ ।
- घुम्ति रुपमा वडामा समेत पुगेर न्यायिक समितिले छलफल गराउने गरेको छ । आ.व. ०८०।८१ मा पनि १५ वटा निवेदनहरुमा छलफल गराइएको छ ।
- ठाकुरबाबा नगरपालिका बालअधिकार संरक्षणमा निकै संवेदनशील रहेको छ । वडा स्तरीय बाल सञ्जाल र नगर स्तरीय बाल सञ्जाल पनि गठन गरिएको छ ।
- नगरपालिकाको स्वास्थ्य शाखाले विद्यालयमा गएर लागू औषध सेवन गरेको थाहा हुने किटबाट परिक्षण गर्दा विद्यालयमा पढ्ने विद्यार्थीहरुले पनि लागू औषध सेवन गरेको पाइयो ।
- नगरपालिकाको त्रिभुवन माविलाई असहाय बालबालिकालाई अध्ययन गराउने आवसिय विद्यालयको रुपमा विकास गर्न बजेटसमेत विनियोजन गरिएको छ ।

- स्थानीय बाल अधिकार समिति ठाकूरबाबा नगरपालिकामा गठन गरिएको छ । महिला बालबालिका शाखा प्रमुखलाई बाल कल्याण अधिकारी तोकिएको छ । बाल अधिकार कार्यविधि पनि निर्माण गरिएको छ । बालबालिका कोष र लैङ्गिक कोषको पनि ब्यवस्था गरिएको छ ।
- २०८१ सम्म नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने सोच रहेको छ ।
- बालविवाह न्यूनीकरणको कार्यक्रम पनि सञ्चालनमा रहेको छ । बालविवाह र लागू औषध दुर्व्यसनी चुनौतीपूर्ण रहेकाले अभिभावकसम्म र विद्यालयस्तर सम्म कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था देखिएको छ । यसका लागि कार्यक्रम निर्माण गर्ने सोच रहेको छ ।
- नगरपालिकामा आयोजित समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत कानूनी सचेतना कार्यक्रम आयोजनाले जिज्ञाशाको सम्बोधन गर्न कानूनी ज्ञान प्रदान गर्नमा उपयोगी रहेको छ ।

**श्री तिलकराम लम्साल**

**प्रमुख, ठाकुरबाबा नगरपालिका**

- हाम्रो नगरपालिकामा करिव ४ हजार घरधुरी विपन्न सूचीमा रहेका छन् । त्यो विपन्न समुदायमा कानूनी सचेतना कार्यक्रम लिन निकै जरुरी छ । हरेक व्यक्ति कानूनी रुपमा सचेत हुन जरुरी छ । यसका लागि समाजका विभिन्न समुदायमा यस्ता कानूनी सचेतना सम्बन्धी कार्यक्रम जरुरी छ ।
- बालविवाह र लागू औषध पालिकामा चुनौतिको रुपमा रहेका छन् । यसको नियन्त्रण, न्यूनीकरण र रोकथामका लागि सबैको साझा प्रयास जरुरी छ ।
- पालिकाको करिव २८ प्रतिशत जनशक्तिले ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने आँकडा रहेको छ । त्यस मध्ये करिव १४ प्रतिशत पालिका भन्दा बाहिर रहेको अवस्था छ । बाहिर जाने जनशक्तिले आफन्तको भरमा र अरुको भरमा बालबालिकालाई छोडिदिदा त्यस्ता बालबालिका सबैभन्दा बढि कुलतको शिकार हुने अवस्था रहेको छ ।
- पालिकामा भएका टुहुरा बालबालिकाहरुको कसरी व्यवस्थापन गर्ने भनेर अभिभावकत्व लिएर कार्य गर्न नगरपालिका क्रियाशील रहेको छ ।
- समाज अराजकतातिर अग्रसर छ । सामाजिक सञ्जाललाई द्वेश फैलाउने कार्यमा समेत प्रयोग भइरहेको अवस्था छ । यस्तो स्थितिमा समाजमा सचेत वर्ग विधिको शासन कायम गराउनका लागि क्रियाशील हुनुपर्छ ।
- लामो झन्झटिलो कानूनी प्रकृया समय सापेक्ष हुन जरुरी छ ।

उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री कृष्णराज पन्तको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका उपन्यायाधिवक्ता श्री मोहनीप्रसाद जोशीले गर्नुभएको थियो ।

**समापन मन्तब्य**

**कृष्णराज पन्त**

**सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज**

- कानूनी रुपमा उठाएका समस्या यो क्षेत्रको मात्र नभएर अरु क्षेत्रको पनि समस्या रहेको छ ।
- न्याय निरुपण गर्ने अधिकार भएको न्यायिक समितिले गर्ने निर्णयले न्यायको अनुभुति महसुस गराउनुपर्छ ।

## ७. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको प्रकृयाको बारेमा सहभागीलाई जानकारी भएको छ ।
- सरकारी वकीलको काम कारबाहीको उत्तरदायित्व र पारदर्शीताको सम्बन्धमा सहभागीले राखेको जिज्ञाशा र त्यसको सम्बोधनले मद्दत गरेको छ ।
- अपराधको न्यूनीकरण एवम् कानूनको न्यायप्रणालीप्रति विश्वासको भावना वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धानमा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सवल बनाउन र पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ ।

## ८. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू

कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

## ९. आगामी कार्यक्रमका लागि सुझाव

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ ।

**अनुसूचीहरू**

**क) कार्यक्रम तालिका**

**"समुदायमा सरकारी वकील कार्यक्रम"**

**कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

मितिः २०८०।६।२३ गते समयः दिनको १२:३० बजेदेखि दिनको ४:३० बजेसम्म

कार्यक्रम स्थानः ठाकुरबाबा नगरपालिकाको सभाहल, बर्दिया ।

कार्यक्रम व्यवस्थापन र समन्वयः ठाकुरबाबा नगरपालिका ।

आयोजकः उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज र

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

कार्यक्रम सञ्चालकः

उपन्यायाधिवक्ता श्री मोहनीप्रसाद जोशीज्यू, उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज

| | |
|---|---|
| १२:३०-१२:४५ | उपस्थिति |
| १२:४५-१:०० | कार्यक्रम अध्यक्षताः उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री कृष्णराज पन्तज्यू<br>प्रमुख अतिथिः ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री तिलकराम लम्सालज्यू<br>विशेष अतिथिः ठाकुरबाबा नगरपालिकाका उपप्रमुख श्री विनाकुमारी भट्टराईज्यू<br>अतिथिहरुः<br>जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालज्यू<br>ठाकुरबाबा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि रिजालज्यू<br>बर्दिया जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष श्री कमलप्रसाद पाण्डेज्यू<br>ईलाका प्रहरी कार्यालय बगनाहाका प्रहरी निरीक्षक श्री नवराज शाहीज्यू<br>कार्यक्रममा उपस्थिति ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधिज्यूहरु, कर्मचारीज्यूहरु, शिक्षक/शिक्षिकाज्यू, विद्यार्थी एवं कार्यक्रममा उपस्थित महानुभावहरु । |
| | राष्ट्रिय शोकमा सबैलाई १ मिनेट मौन धारणका लागि अनुरोध |
| १.००-१.३० | कार्यपत्र प्रस्तुती<br>१) सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया |

| | |
|---|---|
| १.३०-२.१५ | २) बालअधिकार संरक्षण र कानूनी व्यवस्थाः<br>नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिसवका बर्दिया |
| २.१५-३.४५ | खुला छलफल<br>जिज्ञाशाको सम्बोधन<br>कानून व्यवसायी, अनुसन्धान अधिकारी र सरकारी वकीलबाट । |
| ३.४५-४.३० | मन्तब्य<br>ईलाका प्रहरी कार्यालय बगनाहाका प्रहरी निरीक्षक श्री नवराज शाहीज्यू<br>बर्दिया जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष श्री कमलप्रसाद पाण्डेज्यू<br>विशेष अतिथिः ठाकुरबाबा नगरपालिकाका उपप्रमुख श्री विनाकुमारी भट्टराईज्यू<br>प्रमुख अतिथिः ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री तिलकराम लम्सालज्यू<br>कार्यक्रम समापनः उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री कृष्णराज पन्तज्यू |

ख) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू

**पहिलो कार्यपत्र**

## १ सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, बर्दिया
२०८० असोज २३ गते

**सरकारी वकीलको परिचयः**

**सरकारी वकील को हुन् :**

- फौजदारी न्याय प्रशासनका तीन प्रमुख कार्य अनुसन्धान, अभियोजन र न्यायिक निर्णय मध्ये महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूलाई राज्यको तर्फबाट अभियोजनकर्ताको जिम्मेवारी दिइएको छ ।
- राज्यको कानूनको रक्षक र सरकारको कानूनी सल्लाहकार सरकारी वकील हो ।
- सरकारवादी मुद्दाहरूमा र सरकारलाई विपक्षी बनाई दायर भएका रिट/मुद्दाहरूमा राज्यको तर्फबाट अदालत/न्यायिक निकायमा प्रतिनिधित्व गर्दै वहस पैरवी र प्रतिरक्षा गर्ने र सरकावादी मुद्दाहरूको अभियोजन गर्ने कानूनी अधिकार प्राप्त व्यक्तिलाई सरकारी वकील भनिन्छ ।
- सरकारी वकील कानूनको ज्ञाता र विशेषज्ञ हुन्छन् ।
- मानव अधिकारको रक्षक ।
- फौजदारी न्याय प्रशासनको सुधारको संवाहक र समन्वयकर्ता ।
- कानूनको शासनको संरक्षक तथा प्रचलनकर्ता ।
- निशुल्क पीडित पक्षको प्रतिनिधित्व गर्छन् ।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन न्यायका लागि वोल्ने सहजकर्ता र पीडितलाई अदालतबाट अन्तिम फैसला भएपछि क्षतिपूर्ति दिलाउन समन्वय गर्ने भएकाले सरकारी वकील जनताका वकील हुन् ।

**सरकारी वकीलका कामहरूः**

सरकारी वकीलको काम सरकार वादी हुने देवानी मुद्दा र सरकारवादी हुने फौजदारी मुद्दासँग मात्र सम्वन्धित हुन्छ । उक्त मुद्दाहरुमा सरकारी वकीलले निम्न कार्यहरू गर्छः

- नेपालको संविधानले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित राखेको छ । धारा १५८ (२)

- महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी वकीललाई तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको हुन्छ ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी उल्लेख छ । धारा १५८ (२)
- नेपालको संविधानमा भएको व्यवस्था, महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार र अन्य कानूनहरूमा भएको व्यवस्था अनुसार सरकारी वकीलले सरकारवादी मुद्दाको साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा समेत अभियोजन, वहस पैरवी, प्रतिरक्षा गर्ने र सरकारी निकायहरूलाई कानूनी राय प्रदान गर्ने र हिरासतमा रहेका व्यक्तीलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीलाई भेटघाट गर्न नदिएको भन्ने जानकारी वा उजुरी परेमा हिरासत अनुगमन गर्ने र छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम सरकारी वकीलले गर्छन् ।
- कसूरको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने र पीडितलाई न्याय उपलब्ध गराउन पिडितको तर्फबाट बहस पैरवी/प्रतिरक्षा गर्ने काम सरकारी वकीलबाट हुन्छ ।
- कसूरको अनुसन्धान गर्ने अधिकारीहरू (प्रहरी अधिकृत, वन कर्मचारी, राष्ट्रिय निकुञ्जका कर्मचारी, औषधी निरिक्षक, खाद्य निरिक्षक, प्रमुख जिल्ला अधिकारी वा अधिकृत आदि) लाई कसूरको अनुसन्धान गर्दा निर्देशन दिने ।
- कसूरको अनुसन्धान गरे पछि प्रमाणको आधारमा को उपर मुद्दा चल्ने, को उपर मुद्दा नचल्ने, मुद्दा चल्ने भए कुन कसूरमा कुन सजायको मागदावी लिएर मुद्दा चलाउने भन्ने कुराको निर्णय गर्ने ।
- मुद्दा चलाउने निर्णय भएमा अभियोग पत्र तयार गरी अदालत/न्यायिक निकायमा प्रमाण सहित मुद्दा पेश गर्ने ।
- मुद्दामा सरकारको तर्फबाट बहस पैरवी गर्ने, साक्षीहरुको वकपत्र गराउने, जिरह गर्ने, पछि प्राप्त भएका प्रमाणहरु अदालतमा पेश गर्ने ।
- अदालत/न्यायिक निकायले गरेको फैसला वा आदेशमा चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने वा निवेदन दिने ।
- नेपाल सरकारका कार्यालयहरुले माग गरेको कानूनी प्रश्नमा कानूनी राय प्रदान गर्ने ।
- नेपाल सरकारको हक हित सरोकार रहेको मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने तथा साक्षीको वकपत्र गराउने ।

- सरकारी निकाय वा पदाधिकारी विरुद्धका मुद्दामा सरकारी निकाय वा पदाधिकारीको प्रतिरक्षा गर्ने ।
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासतमा रहेका व्यक्तिहरूको मानवअधिकारको संरक्षण गर्ने ।

**नेपालमा सरकारी वकील कार्यालयको सांगठनिक संरचनाः**

१) महान्यायाधिवक्ताको कार्यालय (१ वटा)
२) उच्च सरकारी वकील कार्यालयहरू (१८ वटा)
३) विशेष सरकारी वकील कार्यालय (१ वटा काठमाडौंमा रहेको )
४) जिल्ला सरकारी वकील कार्यालयहरू (७७ वटा)

**नेपालमा सरकारी वकीलका पदहरूः**

- **महान्यायाधिवक्ताः** प्रधानमन्त्री सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १५७ (२) मा रहेको छ । धारा १५८ (१) मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख भएको । धारा १५८ (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृतमा नेपालको संविधानको धारा १५८ मा उल्लेख रहेको छ ।
- **नायव महान्यायाधिवक्ताः** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (सचिव स्तर) को सरकारी वकील ।
- **सहन्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव स्तर) को सरकारी वकील ।
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित द्वितिय श्रेणी (उप सचिव) स्तरको सरकारी वकील ।
- **सहायक जिल्ला न्यायाधिवक्ता/सहायक न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सरहको सरकारी वकील ।

**सरकारवादी मुद्दाहरूः**

**(क) देवानी मुद्दाहरुः–** सरकारी र सार्वजनिक सम्पत्ति सम्वन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्वन्धी देवानी मुद्दाहरु सरकारवादी हुन्छ ।

**(ख) फौजदारी मुद्दाः–** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो मुद्दाहरु सरकारवादी हुन्छन् । यसलाई यसरी वर्गिकरण गर्न सकिन्छ ।

**जीउ ज्यान सम्बन्धित कसूरः–** ज्यान सम्बन्धि कसूर, ज्यान मार्ने उद्योग, अंगभंग, तेजाब खनाई कुरुप पारेको, गर्भपतन, गैरकानूनी थुना, ब्यक्ति वेपत्ता पार्ने, अपहरण तथा शरिर बन्धक, इलाज (उपचार) सम्वन्धी कसूर, मानव बेचबिखन सम्बन्धी कसूर ।

**राष्ट्र र समाज विरुद्धका कसूरः–** राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति भंग गर्ने कसूर, अपराधका प्रमाणहरु नष्ट गर्ने, प्रमाण संकलनमा बाधा पुर्याउने कसूर, सार्वजनिक स्वास्थ्य, सुरक्षा, सुविधा, नैतिकता विरुद्धका कसूरहरु, हातहतियार र विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय वा सार्वजनिक सम्पत्ति बिरुद्धको कसूर, धर्म सम्बन्धी कसूर, लागूऔषध, वन सम्वन्धी कसूर, नक्कली नोट, नक्कली टिकट सम्बन्धी कसूर, भ्रष्टाचार सम्बन्धी कसूर ।

**समाजका कमजोर वर्ग उपर भेदभाव सम्बन्धी कसूरः–** गम्भीर घरेलु हिंसा, बोक्सीको आरोप, छुवाछुत सम्वन्धी कसूर ।

**यौनजन्य कसूरः–** वालविवाह, बहुविवाह, जबरजस्ती करणी/उद्योग, बाल यौन दुरुपयोग ।

**सम्पत्ति सम्वन्धी कसुरः–** चोरी, डाँका, ठगी, आपराधिक विश्वासघात, सार्वजनिक लिखत किर्ते सम्बन्धी, नाप तौल सम्बन्धी कसूर, आपराधिक उपद्रव सम्बन्धी कसूर ।

## सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा सरकारी वकीलको प्रतिनिधित्वः

- अनुसन्धान (निर्देशन दिने)
- अभियोजन (मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने)
- अदालती/न्यायिक कारबाहीमा प्रतिनिधित्व (साक्षी वकपत्र, वहस पैरवी र प्रतिरक्षा, निवेदन, पुनरावेदन, मुद्दा दोहोर्याई हेरी पाउने निवेदन सम्बन्धि काम)

## सरकारवादी फौजदारी मुद्दामा सरोकारवाला निकायहरूः

- प्रहरी र अन्य अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकारी र कर्मचारीहरू
- सरकारी वकील
- निजी कानून व्यवसायी (नेपाल बार)
- अदालत/अर्धन्यायिक निकाय
- फरेन्सिक विज्ञ/चिकित्सक, समुदाय/नागरिक समाज (विभिन्न प्रकारका अपराधको न्याय निरूपणमा सम्बन्धित विज्ञहरू)
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघ संस्था (अस्पताल, पुर्नस्थापना केन्द्र आदि)

## समुदायबाट सरकारी वकीलले राखेको अपक्षाः

- कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा वा नजिकको सम्बन्धित अनुसन्धान गर्ने कार्यालयमा थाहा पाउने वित्तिकै छिटो उपलब्ध गराउने ।

- कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रण गर्न सहयोग गर्ने ।
- कसूरको अनुसन्धानको क्रममा आफूले देखेको र थाहा पाएको साँचो कुराको जानकारी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालत/न्यायिक निकायमा बयान र वकपत्रमा जानकारी गराउने ।
- कसूरको अनुसन्धानको क्रममा तयार गरिने विभिन्न लिखतहरूमा रोहवरमा र साक्षी बस्ने र घटना विवरण कागज गर्ने ।
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले अदालत/न्यायिक निकायमा तोकिएको दिनमा समयमा आई आफूले देखेको, जानेको र थाहा पाएको कुरा जानकारी गराई वकपत्र गर्ने ।
- अदालत/न्यायिक निकायबाट भएको फैसला कार्यान्वयनमा सहयोग गर्ने ।
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायधीशलाई अनुचित रूपमा आस, त्रास, दबाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

**समुदायले थाहा जानकारी पाइराखु पर्ने कुराहरूः**

- कसैले पनि कानून उल्लंघन गरेर कुनै कानूनी व्यवस्थाको जानकारी थिएन वा जानेको थिइन भन्न पाउँदैन ।
- कसैलाई पनि कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्न पाईँदैन ।
- दश वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै अपराधमा सजाय हुँदैन । मुद्दा लाग्दैन ।
- बालबालिकालाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा सिकाउने वा अपराध गर्न लगाउनेलाई पनि सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाईँदैन । पक्राउ परेका व्यक्तीलाई कुटपिट गर्न वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तब्य हो । नजिकको प्रहरी कार्यालयमा वा सम्बन्धित अनुसन्धान गर्ने निकायमा यस्तो सूचना दिनुपर्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको साँचो कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत/अर्धन्यायिक निकायमा बयान/वकपत्रमा भन्नुपर्छ ।
- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ ।

- साक्षीको रूपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालत/अर्धन्यायिक निकायमा तोकिएको दिनमा गएर वकपत्र गरिदिनु पर्छ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएको अनुसन्धानको र अदालतमा भएको न्यायिक काम कारवाहीको जानकारी पाउने हक हुन्छ ।
- प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाइएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हक हुन्छ ।
- अपराध पीडितलाई कानून बमोजिम मुद्दाको कारवाही प्रक्रियामा सहभागी हुन पाउने, सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह (साक्षी) हुन्छ ।
- अदालत/मुद्दा हेर्ने निकायबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्छ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलव्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।

**दोस्रो कार्यपत्र**

## २ बालअधिकार संरक्षण र कानूनी ब्यवस्था

नगेन्द्र लम्साल

जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

२०८०।६।२३

**बालबालिका र बाल संरक्षणको परिभाषा**

- नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २(ञ) ले अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ ।
- दफा २(घ) मा कानूनको विवादमा परेका बालबालिका भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्झनुपर्छ र सो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकाहरुलाई समेत जनाउँछ ।
- दफा २(च) दिशान्तर भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दफा २९ मा उल्लिखित कुनै प्रक्रिया अवलम्बन गरी औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजाने कार्य सम्झनु पर्छ ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गरेमा बाल विवाहको कसूर गरेको मानिने भनी कानूनी ब्यवस्था गरेको छ ।
- कुनै पनि किसिमको जोखिम र खतराहरुबाट बालबालिकालाई सुरक्षित बनाउनु बाल संरक्षण हो ।
- बाल संरक्षणले बालबालिकालाई शारीरिक, मानसिक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा नकारात्मक असर पार्ने किसिमका गतिविधिहरुबाट जोगाउनु भन्ने बुझिन्छ ।

**बालअधिकार**

- बालअधिकार भनेको बालबालिकालाई प्राप्त हुने विशेष अधिकार हो ।
- गर्भदेखि बालबालिका रहुञ्जेलसम्म प्राप्त हुने सबै अधिकारहरु बालअधिकार अन्तर्गत पर्दछन् ।
- बालअधिकार भित्र बाँच्न पाउने अधिकार, नाम, राष्ट्रियता र पहिचानको अधिकार, आमाबाबुसँग बसोबास गर्ने र भेटघाट गर्ने अधिकार, भेदभाव विरुद्धको अधिकार, पारिवारिक पुर्नमिलनको अधिकार, सहभागीताको अधिकार, बालबालिकाले विचार प्रकट गर्न पाउने अधिकार, संरक्षणको अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार र शिक्षाको अधिकार आदि पर्छन् ।

## बाल अधिकार सम्बन्धी ऐतिहासिक पृष्ठभूमि

- संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९ २० नोभेम्वर १९८९ मा संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित भएको थियो । महासन्धिको धारा ४९ अनुसार २ सेप्टेम्बर १९९० देखि महासन्धि लागू भएको थियो । महासन्धिमा ५४ वटा धाराहरु रहेका छन् ।
- बालअधिकार महासन्धि गर्भदेखि १८ वर्ष सम्मका बालबालिकाको अधिकार हो । महासन्धिमा बालअधिकारका धाराहरूले मुख्य रुपमा बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारमा जोड दिएको छ ।
- नेपाल बालअधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र हो । महासन्धिको कार्यान्वयनको लागि नेपालले बालबालिका सम्बन्धि विशिष्टिकृत ऐन निर्माण गरी कार्यान्वयनमा रहेको छ ।

**नेपालमा बालअधिकार संरक्षण सम्बन्धी संवैधानिक र कानूनी ब्यवस्था**

- नेपालको संविधान धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा ब्यवस्था गरेको छ ।

- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६
- बालबालिका सम्बन्धी नियमावली, २०७८
- लुम्बिनी प्रदेश सरकार बालबालिका सम्बन्धी ऐन, २०७६

**बालबालिकाको संरक्षणका लागि संस्थागत ब्यवस्था**

- नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा त्यस अन्तर्गतका निकायहरु
- बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ५९ मा ब्यवस्था गरेको राष्ट्रिय बालअधिकार परिषद्
- बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६० मा ब्यवस्था गरेको प्रदेश र स्थानीय तहको बाल अधिकार समिति
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३० मा ब्यवस्था भएको केन्द्रीय बाल न्याय समिति
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३४ मा ब्यवस्था गरेको जिल्ला बाल न्याय समिति
- बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६१ मा ब्यवस्था गरेको स्थानीय तहमा हुने बाल कल्याण अधिकारी ।
- लुम्बिनी प्रदेश सरकार बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४० को प्रदेश बाल अधिकार समिति र दफा ४३ को जिल्ला बाल अधिकार समिति ।
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३४ मा ब्यवस्था गरेको जिल्ला बाल न्याय समिति
- बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६१ मा ब्यवस्था गरेको स्थानीय तहमा हुने बाल कल्याण अधिकारी ।
- लुम्बिनी प्रदेश सरकार बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४० को प्रदेश बाल अधिकार समिति र दफा ४३ को जिल्ला बाल अधिकार समिति ।

**नेपालमा बालबालिकाको संरक्षणका विषयहरु**

- हिंसात्मक अनुशासन, बालबिवाह, बाल श्रम, बेचबिखन, बालबालिका विरुद्धको यौन हिंसा र दुर्ब्यवहार, लागूऔषध दुर्ब्यसन र कुलतको शिकार, बालबालिकालाई अपराध कार्यमा प्रयोग हुने जस्ता कार्यहरुको रोकथाम ।
- सडक बालबालिकाको उद्धार, संरक्षण र पुर्नस्थापना, जोखिम र विशेष संरक्षण आवश्यक पर्ने बालबालिकाको संरक्षणको ब्यवस्था, बाल-मैत्री तथा लैंगिक

संवेदनशील न्यायमा पहुँच र अनुभुति तथा कानूनको विवादमा परेका बालबालिकालाई गल्ति र पश्चाताप महसुस गराई समाजमा पुर्नस्थापना गराउने।

**नेपालमा राष्ट्रिय बाल दिवस मनाउने कार्यको प्रारम्भ**

- वि सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पछि गठित अन्तरिम सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धी १९८९ लाई सन् १९९० को सेप्टेम्बर १४ मा (२०४७ भदौ २९ गते) अनुमोदन गरेको दिनलाई नै राष्ट्रिय बाल दिवसको रुपमा २०६३ सालदेखि मनाउन थालिएको ।
- २०६३ साल भन्दा अघि भाद्र ४ गते राष्ट्रिय बाल दिवस मनाउने गरिन्थ्यो ।
- २०८० साल भदौ २९ मा ५९ औ राष्ट्रिय बाल दिवस मनाइएको ।

**राष्ट्रिय बाल दिवस २०८० को नारा**

"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी ।"

**बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था**

- दफा ३ को बाँच्न पाउने अधिकारमा उपदफा (१) मा प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ । उपदफा (२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन् ।
- दफा ४ मा नाम, राष्ट्रियता र पहिचानको अधिकार, दफा ५ मा भेदभाव विरुद्धको अधिकार, दफा ६ मा बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार सम्बन्धी कानूनी ब्यवस्था रहेको छ ।
- दफा ७ को संरक्षणको अधिकारमा उपदफा (१) मा प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।
- दफा ७ को संरक्षणको अधिकारमा उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ । उपदफा (१०) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरुको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् ।

- दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार र दफा ११ मा गोपनीयताको अधिकारको ब्यवस्था रहेको छ ।
- दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार अन्तर्गत उपदफा (१) मा अपाङ्गता भएका बालबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ ।
- दफा १३ मा पोषण तथा स्वास्थ्यको अधिकार र दफा १४ मा खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकारको ब्यवस्था गरेको छ ।
- दफा १५ मा शिक्षाको अधिकार अन्तर्गत उपदफा (१) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपर्युक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ । उपदफा (२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।
- दफा १५ मा शिक्षाको अधिकार अन्तर्गत उपदफा (३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत् शिक्षा पाउने अधिकार हुनेछ। उपदफा (४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ।

**बालबालिका प्रतिको दायित्व**

- दफा १६ मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेको उपदफा (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ।
- (२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।
- (३) यस ऐन बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

- दफा १६ को उपदफा (४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र नीजि सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।
- दफा १७ मा परिवार वा संरक्षकको दायित्व सम्बन्धी व्यवस्था रहेको छ ।
- दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ ।
- दफा १९ सञ्चार क्षेत्रको दायित्वमा बालअधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ।

**दफा २५ पीडित बालबालिकाको अधिकार**

पीडित बालबालिकालाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकार हुनेछः

(क) आफूले बुझ्ने भाषामा जानकारी पाउने,

(ख) सहभागी वा संलग्न हुने,

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,

(घ) पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराई पाउने,

तर यस खण्डले पीडितले राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवसरलाई सीमित पारेको मानिने छैन।

(ङ) निःशुल्क कानूनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने,

(च) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने,

(छ) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि निःशुल्क पाउने,

(ज) पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,

(झ) बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने,

(ञ) कारबाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने।

**दफा २६ सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकार**

(१) बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धान तथा मुद्दाको सुनुवाइको सिलसिलामा प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त देहायको अधिकार प्राप्त हुनेछः

(क) आफूविरूद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत् प्राप्त गर्ने,

(ख) आफू विरूद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,

(ग) सक्षम न्यायिक निकायबाट मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने,

(घ) बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

(ङ) बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,

(च) बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,

(छ) संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,

(ज) बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ। जस अन्तर्गत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्था सम्झनु पर्छ।

(झ) न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

(ञ) मुद्दाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु आमा, संरक्षकलाई सहभागी गराउने,

(ट) पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने।

(२) कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष रहेको मानिनेछ र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन।

**बालबालिकाको विशेष संरक्षण र पुर्नस्थापना**

- दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, दफा ४९ मा वैकल्पिक हेरचाहको व्यवस्था, दफा ५० मा बालबालिकाको संरक्षण र दफा ५७ मा बाल संरक्षण सम्बन्धी मापदण्ड सम्बन्धी व्यवस्था उल्लेख छ ।
- दफा ५७ को बाल संरक्षण सम्बन्धी मापदण्डको उपदफा (१) विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ।
- दफा ५७ को उपदफा (२) मा उपदफा (१) बमोजिम निर्माण गरिएको बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ।

**अनुगमन तथा प्रतिवेदन**

- दफा ५८ को उपदफा (१) मा यस ऐन बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित बाल कल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।
- उपदफा (२) मा उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रुपमा प्रदेशस्तरको बाल अधिकार समिति र स्थानीय तहको बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।
- उपदफा (३) मा प्रदेश बाल अधिकार समितिले प्रदेशभित्रका तथा स्थानीय बाल अधिकार समितिले स्थानीय तहभित्रका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गर्नेछ ।

**स्थानीय बाल अधिकार समिति**

- दफा ६० को उपदफा (२) मा प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहनेछ ।
- उपदफा (३) मा स्थानीय बाल अधिकार समितिमा रहने सदस्य संख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

**बाल कल्याण अधिकारी**

- दफा ६१ को उपदफा (१) मा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहनेछ भन्ने व्यवस्था रहेको छ ।
- उपदफा (२) मा उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियक्ति, काम कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ भनी उल्लेख छ ।

**समाजसेवी तथा बालमनोविज्ञ**

- दफा ६२ को उपदफा (१) मा समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष तोकिए बमोजिम आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।
- उपदफा (२) मा उपदफा (१) बमोजिमको सूचीमा रहेका समाजसेवी तथा बाल मनोविज्ञमध्येबाट स्थानीय तहमा बाल संरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नको लागि आवश्यक संख्यामा समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्न सकिनेछ ।
- दफा ६२ को उपदफा (३) मा उपदफा (२) बमोजिम नियुक्त समाजसेवी तथा बाल मनोविज्ञले बाल कल्याण अधिकारीको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा काम गर्नेछ भनी उल्लेख छ ।
- उपदफा (४) मा बाल अदालतलाई आवश्यक पर्ने समाजसेवी तथा बाल मनोविज्ञ उपदफा (१) बमोजिमको सूचीकृत समाजसेवी तथा बाल मनोविज्ञबाट नियुक्त गरिनेछ ।
- उपदफा (५) समाजसेवी तथा बालमनोविज्ञको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**स्थानीय तहले बालबालिकाको अधिकार प्रचलन गराउने**

- दफा ६४ को उपदफा (१) मा कसैले परिच्छेद २ बमोजिमको बालबालिकाको अधिकार उल्लंघन गरेमा वा परिच्छेद ३ बमोजिम बालबालिकाप्रतिको दायित्व पुरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले बालबालिका रहे बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।
- दफा ६४ को उपदफा (२) मा उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा न्यायिक समितिले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र सम्बन्धित व्यक्तिलाई झिकाई आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

- दफा ६४ को उपदफा (३) मा उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सम्बन्धित व्यक्तिले बालबालिकाको अधिकार उल्लङ्घन गरेको वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा न्यायिक समितिमा निवेदन परेको तीस दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिनेछ ।
- दफा ६४ को उपदफा (४) मा उपदफा (२) बमोजिम जाँचबुझ गर्दा बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने विषय आफ्नो अधिकार क्षेत्रभित्र पर्ने नदेखिएमा न्यायिक समितिले बाल अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित अन्य स्थानीय तहको न्यायिक समितिलाई लेखी पठाउनु पर्नेछ ।
- दफा ६४ को उपदफा (५) मा उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले पनि उपदफा (३) बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ ।
- दफा ६४ को उपदफा (६) मा यस दफा बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले बालबालिका, संरक्षक वा परिवारका व्यक्तिलाई आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्नेछ ।

**परिच्छेद ८ बालबालिका बिरुद्धको कसूर**

- दफा ६६ बालबालिका विरुद्धको कसूर
- दफा ६७ योग्य नमानिने

(१) सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम वर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो निजी संघ, संस्थामा नियुक्त, मनोनित वा निर्वाचित हुन दश वर्षसम्म योग्य मानिने छैन।
(२) यस ऐन वा प्रचलित कानून बमोजिम बाल यौन दुर्व्यवहारमा कसूरदार ठहरेको व्यक्तिले नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानिनेछ।

**परिच्छेद ९ सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारी**

दफा ७२ सजाय
दफा ७३ क्षतिपूर्ति
दफा ७४ हदम्याद

(१) दफा ६६ अन्तर्गतको कसूरको सम्बन्धमा प्रचलित कानूनमा कुनै हदम्याद तोकिएकोमा त्यस्तो हदम्यादभित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएको अवस्थामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका विरूद्धको कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ।

दफा ७५ मुद्दा हेर्ने अधिकारः दफा ७२ को उपदफा (८) बाहेक सो दफाको अन्य उपदफा बमोजिम सजाय हुने मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार बाल अदालतलाई हुनेछ।

दफा ७६ नेपाल सरकारवादी हुनेः दफा ६६ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ।

**बालबालिका सम्बन्धी नियमावली, २०७८**

- बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न बालबालिका सम्बन्धी नियमावली, २०७८ मा विभिन्न व्यवस्थाहरु समावेश गरी कार्यान्वयनमा ल्याइएको छ ।

**अन्त्यमा**

- राष्ट्रिय बाल अधिकार परिषदद्वारा २०७९ मंसिर ४ गते (नोभेम्बर २०, २०२२) अन्तराष्ट्रिय बाल अधिकार दिवसका दिन प्रकाशित बालबालिका सम्बन्धि राष्ट्रिय स्थिति प्रतिवेदन, २०७९ अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका व्यवस्थाहरुको संयन्त्रगत कार्यान्वयनको क्रममा स्थानीय बाल अधिकार समितिको गठन भएको स्थानीय तहको संख्या २२२, बाल कल्याण अधिकारीको व्यवस्था भएको स्थानीय तहको संख्या २१९, बाल अधिकार संरक्षण र प्रवर्धन सम्बन्धी कार्यविधि निर्माण भएको स्थानीय तहको संख्या ३०८ र बालकोष स्थापना भएका स्थानीय तहको संख्या १९५ पुगेको उल्लेख छ ।

## ग) कार्यक्रमका सहभागीहरूको नामावली

| क्र.सं. | नाम | पद/कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|
| १ | कृष्णराज पन्त | सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज | ९८४१४१०१५२ krishnapant436@gmail.com |
| २ | तिलकराम लम्साल | प्रमुख, ठाकुरबाबा नगरपालिका | ९८५८०२७३८० tilaklamsal97@gmail.com |
| ३ | विनाकुमारी भट्टराई | उपप्रमुख, ठाकुरबाबा नगरपालिका | ९८४८०७०८३० binabhattarai824@gmail.com |
| ४ | नगेन्द्र लम्साल | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय बर्दिया | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| ५ | मोहनीप्रसाद जोशी | उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज | ९८५८४२१७४६ mohanijoshi29@gmail.com |
| ६ | रामहरि रिजाल | प्रमुख प्रशासकिय अधिकृत, ठाकुरबाबा नगरपालिका | ९८५१२५३३५१ rijal.rn@gmail.com |
| ७ | कमलप्रसाद पाण्डे | अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएशन | ९८५८०२५१३३ |
| ८ | नवराज शाही | प्रहरी निरीक्षक, ईलाका प्रहरी कार्यालय, बगनाहा | ९८५११३४४२२ shahinavraj@gmail.com |
| ९ | प्रेम भण्डारी | सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज | ९८५८०६६४६६ prembhandari49@gmail.com |
| १० | गोगनसरा आचार्य | सहायक महिला विकास निरीक्षक, ठाकुरबाबा नगरपालिका | ठाकुरबाबा नगरपालिका ९८४८०७०४४९ |
| ११ | दलबहादुर खत्री | हलुका सवारी चालक, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज | ९८४८०३६८८९ |
| १२ | बालकृष्ण थारु | हलुका सवारी चालक, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया | ९८६८०८०५८७ |
| १३ | पूर्णबहादुर कटुवाल | नायव सुब्बा, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज | ९८४८१३०९०२ |
| १४ | सुजित श्रेष्ठ | कार्यालय सहयोगी, जिल्ला सरकारी | ९८६६६४२०११ |

| | | | |
|---|---|---|---|
| | | वकील कार्यालय, बर्दिया | |
| १५ | वामदेव ढकाल | प्रधानाध्यापक, त्रिभुवन मावि, ठाकुरबाबा नगरपालिका, १, भुरीगाउँ । | ९८४८१७०१३२ dhakalbamdev40@gmail.com |
| १६ | बालकृष्ण आचार्य | प्रधानाध्यापक, जनज्योति मावि, बकुवा | ९८५८०६२०२७ |
| १७ | विजय शाह | अध्यक्ष, प्रगती सामुदायिक कोष वगनाहा | ९८४८१८७२१३ |
| १८ | शम्भुप्रसाद थारु | वडा अध्यक्ष, ५ नं वडा कार्यालय, ठाकुरबाबा नगरपालिका । | ९८६८३४००९९ |
| १९ | देवीप्रसाद देवकोटा | मेलमिलापकर्ता, ठाकुरबाबा ३ | ९८१९५२८३४६ |
| २० | कमलप्रसाद चपाई | वडा अध्यक्ष, ठाकुरबाबा नगरपालिका वडा नं २ | ९८४८०६१३१० |
| २१ | नवराज न्यौपाने | अध्यक्ष, ठाकुरबाबा सहकारी सञ्जाल | ९८५८०४०२६० |
| २२ | गणेशप्रसाद आचार्य | अध्यक्ष, शिवपुर वन्द्रहवा सामुदायिक वन उपभोक्ता समूह ठाकुरबाबा नगरपालिका, वडा नं ९ | ९८४८२१७८१३ |
| २३ | हरिराम थारु | अध्यक्ष, सामुदायिक मेलमिलाप संयोजक | ९८०४५७२१४४ |
| २४ | शिवनारायण थारु | कोषाध्यक्ष, श्री रामनगर उपभोक्ता समिति | ९८२२४४५५९१ |
| २५ | कृष्ण थारु | संयोजक, सामुदायिक मेलमिलाप, वडा नं १ | ९८६५३२२६१४ |
| २६ | सानु कान्छा तामाङ | प्रधानाध्यापक, श्री शारदा आवि शाहीपुर | ९८६८९३७८३७ |
| २७ | प्रेमप्रकाश पाण्डेय | प्रधानाध्यापक, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ठाकुरद्वारा | ९८४१९३३४९७ |
| २८ | काशिराम पोखरेल | मेलमिलापकर्ता, ठाकुरबाबा नगरपालिका, वडा नं ८ | |
| २९ | नवराज ढुंगाना | शिक्षा सुपरीवेक्षक, ठाकुरबाबा नगरपालिका, शिक्षा युवा तथा खेलकूद शाखा | ९८५८०२६६१५ nrdhungana@gmail.com |
| ३० | नन्दाराम | शिक्षा सुपरिवेक्षक, ठाकुरबाबा | ९८६०४९७८११ |


| | | | |
|---|---|---|---|
| | अधिकारी | नगरपालिका, शिक्षा शाखा | |
| ३१ | जनार्दन योगी | अध्यक्ष, रामनगर उपभोक्ता समिति, ठाकुरबाबा १, मध्यवर्ती क्षेत्र | ९८४८०२०९८९ |
| ३२ | सुरेन्द्रकुमार चौधरी | प्रधानाध्यापक, शिवसुन्दर माध्यमिक विद्यालय | ९८४८०२५०७९ |
| ३३ | अमिन थारु | कार्यवाहक अध्यक्ष, ठाकुरबाबा नगरपालिका, वडा नं ४ । | ९८४८१७९०७७ |
| ३४ | राजेन्द्रप्रसाद कँडेल | वडा सदस्य, ठाकुरबाबा नगरपालिका वडा नं २ | ९८६८९५०९९६ |
| ३५ | बलबहादुर थारु | सदस्य, ठाकुरबाबा नगरपालिका वडा नं ६ | ९८६४३५२६८५ |
| ३६ | मोहन सुनार | कार्यपालिका सदस्य, ठाकुरबाबा नगरपालिका | ९८६८२११४३० |
| ३७ | गौरीप्रसाद शर्मा | शिक्षक, श्री चुरे मावि, ठाकुरबाबा ३, बगनाहा | ९८४८०७३५०५ |
| ३८ | जगतराम बजगाईं | शिक्षक, श्री नेरा मावि कर्मला | ९८४८०३५०९४ |
| ३९ | नरेन्द्रराज शर्मा | सहयोगी, मेलमिलापकर्ता, ठाकुरबाबा नगरपालिका वडा नं ४ | ९८४८०८१३८८ |
| ४० | अन्जना चौधरी | रेडियो टाइगर, भुरीगाउँ १ | ९८४३८६६०४० |
| ४१ | शंकरप्रसाद आचार्य | प्रधानाध्यापक, श्री बबई शिशु मन्दिर मावि, ठाकुरबाबा ४, बर्गदा | ९८४८१५७५६४ |
| ४२ | कलमबहादुर शाही | श्री जगदम्बा मावि | ९८४८१२१४१५ |
| ४३ | लक्ष्मणकुमार गौली | उपाध्यक्ष, ठाकुरबाब उद्योग वाणिज्य संघ, ठाकुरबाबा | ९८४८१२९९९९ |
| ४४ | तेजवन्दु लम्साल | वार्ड सदस्य, ठाकुरबाबा नगरपालिका वडा नं ५ | ९८४८०९३०६८ |
| ४५ | माधुराम थारु | अध्यक्ष, ठाकुरबाबा वडघर सञ्जाल | ९८४८०७२८१० |
| ४६ | गोकर्ण थारु | वडघर, वडा नं ३ नेउलापुर | ९७४९९७३०७८ |
| ४७ | रिता चौधरी | वडा सदस्य, वडा नं ८, ठाकुरबाबा नगरपालिका | ९८६९५१७४४५ |
| ४८ | सरिता थापा | मेलमिलाप संयोजक, वडा नं ६, ठाकुरबाबा नगरपालिका | ९८४८११९४४१ |

| | | | |
|---|---|---|---|
| ४९ | निर्मला आचार्य | सहायक चौथो, ठाकुरबाबा नगरपालिका | ९८६४७२७२५१ |
| ५० | पुजा सुनार | कार्यपालिका सदस्य, ठाकुरबाबा नगरपालिका | ९८६४३२७९३० |
| ५१ | सुनिताकुमारी आचार्य | शिक्षक, ठाकुरबाबा ८ | ९८१२४६२०५९ |
| ५२ | सावित्रा थापा | सदस्य, वडा नं ९, ठाकुरबाबा नगरपालिका | ९८६८३४७६६२ |
| ५३ | स्वस्तिका आचार्य | अपाङ्ग महिला संयोजक, वडा नं ९ | ९८४३३३२०३५ |
| ५४ | निशा वि.क | नगर बाल सञ्जाल सचिव, ठाकुरबाबा नगरपालिका वडा नं ५ वनकट्टी | ९८२२५५९८४७ |
| ५५ | खेमराज उपाध्याय | वडा नं ५, बाल क्लब अध्यक्ष, ठाकुरबाबा नगरपालिका | ९७६५४५३१२२ |
| ५६ | रामरानी थारु | कार्यपालिका सदस्य, ठाकुरबाबा नगरपालिका, वडा नं ५ | ९८४८१९०३३१ |
| ५७ | तारा अधिकारी | महिला स्वास्थ्य स्वयंसेविका, ठाकुरबाबा नगरपालिका, वडा नं १ | ९८४८३७०६२६ |
| ५८ | सरिता थारु | कार्यपालिका सदस्य, ठाकुरबाबा २ | ९७४५५४३१०७ |
| ५९ | ममता पाठक | प्रधानाध्यापक, श्री किसान मावि वनकट्टी, ठाकुरबाबा ५ | ९८६८९६०२२५ pathakmamata2037@gmail.com |

## घ) कार्यक्रमको तस्विर




कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल




कार्यक्रममा मन्तब्य राख्दै सहन्यायाधिवक्ता कृष्णराज पन्त




कार्यक्रममा मन्तब्य राख्दै ठाकुरबाबा नगरपालिकाका उपप्रमुख विनाकुमारी भट्टराई




कार्यक्रममा मन्तब्य राख्दै ठाकुरबाबा नगरपालिकाका प्रमुख तिलकराम लम्साल




कार्यक्रममा मन्तब्य राख्दै बर्दिया जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष कमलप्रसाद पाण्डे



कार्यक्रमका सहभागीहरु ।